PAN 300847884

Regd No. 1075/064/065

# रिडी पावर कम्पनी लिमिटेड
# Ridi Power Company Limited

5th Floor, Trade Tower, Thapathali, Kathmandu
Ph: +977-1-5111015, 5111016, Email: ridipower@gmail.com, Website: www.ridipower.com.np

Ref. No.: २०८३/८४ – १२

मितिः २०८३/०४/१६

श्रीमान् महाप्रबन्धकज्यू,
नेपाल स्टक ऐक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषयः बाढी तथा पहिरोबाट इवा खोला जलविद्युत आयोजना (९.९ मे.वा.) को उत्पादन बन्द (Plant Shutdown) भएको सम्बन्धी जानकारी ।**

महोदय,

यस कम्पनीद्वारा सञ्चालित पाँचथर जिल्लामा अवस्थित इवा खोला जलविद्युत आयोजना (९.९ मे.वा.) मा गत ज्येष्ठ देखि अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोबाट आयोजनाको हेडरेस पाइपलाइन रहेको क्षेत्रमा नदी कटान भई पाइपलाइनका आधार संरचनाहरू (Anchor Blocks, Pipe Supports) तथा अन्य सिभिल संरचनामा क्षति पुगेको छ । निरन्तरको बर्षा र सोबाट पाईपलाइन मुनिको भागहरु भुःक्षय हुन गई पाइपलाइनमा अत्यधिक दबाब सिर्जना भई विभिन्न स्थानमा पाइप फुट्ने तथा चिरा पर्ने समस्या देखिएको थियो ।

कम्पनीले आवश्यक मर्मत कार्य सम्पन्न गरी आयोजना पुनः सञ्चालनमा ल्याउने प्रयासस्वरूप विभिन्न चरणमा मर्मत तथा परीक्षण कार्य गरेको थियो । तर, परीक्षणका क्रममा पुनः विभिन्न स्थानमा पाइपलाइनमा क्षति देखिएकाले विस्तृत प्राविधिक मूल्याङ्कनपछि सामान्य मर्मत वा वेल्डिङबाट मात्र आयोजना सुरक्षित रूपमा सञ्चालन गर्न सम्भव नरहेको निष्कर्षमा पुगिएको छ ।

यस परिस्थितिलाई मध्यनजर गर्दै आयोजना गत असार २६ गतेबाट लागि उत्पादन बन्द (Plant Shutdown) भएको व्यहोरा जानकारी गराइन्छ । हाल स्थायी समाधानका लागि आवश्यक प्राविधिक अवलोकन तथा मर्मत कार्य अगाडि बढाइएको छ । आयोजना पुनः सञ्चालनमा आउने मिति तथा समय यकिन भएपछि अर्को औपचारिक सूचनामार्फत सम्पुर्ण सरोकारवालाहरुका लागि जानकारी गराइनेछ ।
धन्यवाद ।

भवदीय,

.........................
सन्तोष अधिकारी
प्रबन्ध सञ्चालक